# बारपाक सुलिकोट गाउँपालिका दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

## आयोजना बिबरण खण्ड

- कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई ( आ.व २०७९/०८०) दोस्रो चौमासिक
- बिषय : गाउँपालिकाले गरेका बिकास निर्माण योजना, कार्यक्रम र सेवाप्रवाह
- सम्बन्धित कार्यालय : बारपाक सुलीकोट गाउँपालिका
- मिति : २०७९ साल पुस २९ गते
- स्थान : बारपाक सुलीकोट गाउँपालिका- ३ स्वाँरा
- सहजकर्ता : दिपक श्रेष्ठ
- आबद्ध संस्था : रा.स.स/ रेडियो मनासलु/ नागरिक सवाल डटकम

संक्षिप्त जानकारी :

गाउँपालिकाले पालिका भित्र भएका विकासका निमार्णका कार्यहरु र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जवाफदेही बनाउन एवं सेवाग्राहीलाई पनि एक जिम्मेवार नागरिक बनाउने सामाजिक जवाफदेहिताको एक संयन्त्र हो सार्वजनिक सुनुवाई । जसको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानुको अन्तर सम्बन्धलाइ परदेशीता तरिकाले लियो बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत बल पुग्दछ । सार्वजनिक सुनुवाईले सुसाशनका मुख्य तत्वहरु पारदर्शिता र जावफदेहित प्रर्वद्धन गर्नेजस्ता मुलभूत कुरालाई पृष्ठपोषण गर्दछ । यसै परिवेक्षमा बारपाक सुलिकोट गाउँपालिकाले पालिका कार्यालय मातहत प्रदान गर्दै आएको सेवा सबिधा तथा बिकास निर्माणका सर्न्दभमा कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्था लाई मुल्याकन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

## महत्व (Improtance) :

नागरिकहरुको जान्न पाउने सूचनाको हकलाई सुनिश्चित गर्दै त्यस माथिको पहुँच बढाई नागरिकहरुलाई सशक्तिकरण गर्नु स्थानीय तहहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन भ्रष्टाचार न्युनीकरण गर्न, विकास कार्यमा जन सहभागिता बढाउन, सामुहिक निर्णयको चलानी गराउन र मानव स्रोत तथा सामाजिक भावनाको विकास गर्नका लागि सार्वजानिक सुनुवाइको महत्व बढी रहेको छ । त्यस बाहेक सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन ।

क) गाउँपालिका मातहत र पालिका भित्रका पर्ने बिकास निर्माण तथा सेवा प्रवाह गुणस्तरिय बनाई सेवा नागरिकहरुमा पालिका बिश्वास अभिबृद्धि गर्न ।

ख) गाउँपालिका मतहातको कार्यालयहरु बाट प्रवाह हुने सेवाहरु बारे सरोकारवाला नागरिकहरुलाई सचेतना अभिवृद्धि गर्न ।

ग) गाउँपालिका क्रियाकलापहरुको सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिवृद्धि गर्न ।

घ) गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुमा सरोकारवाला सेवाग्राहीहरुको सहभागितामा वृद्धि गर्नु ।

ड) गाउँपालिका कार्यालयहरुको कृयाकलापहरुलाई पारदर्शी बनाउन ।

च) सेवाग्राहीलाई हक अधिकार जवाफदेही निकाय र पदाधिकारीलाई सजक तथा जिम्मेवार बनाउन ।

(छ) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको खाडल कम गर्न ।

**बिषयबस्तु :**

मिति २०७९ साल पुस २९ गते शुक्रबारका दिन बारपाक सुलीकोट गाँउपालिकाको आयोजनामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । गाउँपालिकाले चालु आर्थिक बर्ष २०७९/०८० को पहिलो चौमासिकमा सन्चालन गरेका बिभिन्न योजना, निति निर्माण र तिनको कार्यान्वयनको अबस्था र कार्यलयको सेवा प्रवाहका बारेमा नागरिकहरुको सुझाव गुनासो र जिज्ञासाहरु संकलनका गर्दै गाउँपालिकाले गरेका कामका बिषयमा गाउँपालिका भित्रका नागरिकहरुलाई सुसुचित गराउन सार्वजनिक सुनुवाई कार्यक्रम गरेको हो । बारपाक सुलीकोट गाउँपालिकाका अध्यक्ष श्री बिष्णुप्रसाद भट्टको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा गाउँपालिकी उपाध्यक्ष श्री सनमाया गुरुङ, प्रमुख प्रसासकिय श्री अधिकृत तुलसीराम आर्चाय, बिभिन्न वडाका वडाध्यक्षहरु, गाउँ कार्यापालिकाका सदस्यहरु, गाउँपालिकाका बिभिन्न कार्यलयका शाखाका प्रमुखहरु, वडा सदस्यहरु, अन्य सरोकारवालाहरु तथा गाउँपालिका भित्रका नागरिकहरु गरी करिव  करिब ११० भन्दा बढिको उपस्थिती रहेको थियो ।

पहिलोखण्डमा कार्यक्रमको उद्घाटन, दोस्रो खण्डमा गाउँपालिका अध्यक्ष श्री बिष्णुप्रसाद भट्टद्वारा पालिकाले सञ्चालन गरेका बिभिन्न बिकास निर्माणका आयोजना तथा प्रमुख प्रशासकिय अधिकृत श्री तुलसीराम आर्चायले गाउँपालिका प्रदान गर्दै आएको सेवा प्रवाह लगायतका बिषयमा जानकारी प्रदान गर्नुभयो । कार्यक्रममको तेस्रो खण्डमा जिज्ञासा/प्रतिकृया संकलन एवम प्रश्नोत्तर र चौथो समापन गरि चार भागमा विभाजन गरि कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रम दिनको ठिक ११:३० बजेदेखि सुरु भई ३:३० बजेसम्म गरि ४:०० घण्टामा सम्पन्न भएको हो । कार्यक्रममा स्थानीय तथा सेवाग्राहीले उठाएका जिज्ञासा एवम प्रश्नको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष एवम सम्बन्धित शाखाका प्रमुख एवँम प्रतिनिधीले जवाफ दिएका थिए ।

कार्यक्रमको उदेश्य :

- गाउँपालिकाले गरेका बिकास निर्माण र योजनाहरुको पारदर्शिताका लागि

- सुशासनका र पारदर्शिता
- विश्वसनियताका लागि
- उत्तरदायित्व वहनका लागि
- कार्यक्रमको प्रभावकारिता परिक्षणका लागि
- सेवाग्राहीको जिज्ञासा एवम प्रतिकृयाका संकलनका लागि
- कार्यलयको प्रवाह गरेको सेवा सुबिधाको बारेमा गुनासो तथा सुझाव संकलनका लागि
- यथार्थ कुरा बाहिर ल्याउनका लागि
- अनाबश्यक भ्रम हटाउनका लागि
- आगामी कार्यक्रम एवम योजनाहरु संचालन गर्न सुझाव संकलनका लागि

## कार्यक्रममा संकलन भएका जिज्ञासा/प्रश्न/प्रतिकृया र सुझाव

उक्त सार्वजनिक सुनुवाई कार्यक्रममा २० जना भन्दाबढि सहभागीहरुले गाउँपालिकाले सञ्चालन गरेका बिकास निर्माण, खानेपानी, शिक्षा, स्वास्थ्य बाटोघाटो लाभग्राहीको सूचीमा पर्न नसकेकाभुकम्प पिडितहरुले सम्बन्धित व्यक्तित्वहरुसंग जिज्ञासा, प्रश्न एवम प्रतिकृया राखेका थिए । कार्यक्रममा प्राप्त भएका प्रतिनिधिमुलक जिज्ञासा, प्रश्न, प्रतिकृया एवम सल्लाह सुझाव यस प्रकार रहेका छन् ।

- प्रेमबहादुर गुरुङ (बारपाक सुलिकोट गा.प ३ स्वाँरा ) :
    - गाउँपालिकाद्धारा सञ्चालित ट्याक्टरमा ढुङगा ढुवानी गर्दा एक ट्याक्टर बराबर सात सय रुपैया तिर्नुपर्ने र त्यसमा अझै कर तिर्नुपर्ने गरि ढुवानी मूल्य लगाएको छ त्यस हामीहरुका लागि महंगो भयो घटाउन पर्‍यो ?
- मसिना नेपाली (बारपाक सुलिकोट गा.प-६)
    - बाटो निर्माणका लागि उपभोक्ता समितिको नेतृत्वमा बसेर काम गर्ने जिम्मेवारी लिए तर गाउँपालिकाले सहयोग गरेन ?
    - गाउँपालिका अध्यक्ष उपाध्यक्ष प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष सवैलाई छिटो बाटो निर्माणका लागि मेसिन उपलब्ध गराइदिन अनुरोध गरेपनि सुनुवाई भएन, स्थानीयले भने बाटो बनाइदिएन भनेर आलोचना गर्ने गरेका छन् मैले के गर्ने ?
    - मेसिनको भाडा बढी भयो यसलाई घटाउन सकिन्छ की सकिदैन ?
    - राष्ट्रिय परिचय पत्र बनाउने क्रममा कतिले कागज पत्र पुगेन भनेर फर्काउने गरियो यसको मापदण्ड के के हो ? परिचय पत्र बनाउन के के कागजात आबश्यक पर्छ ?
    - उत्पादन भएको अन्नवालीको बजार व्यवस्थापन गर्न गाउँपालिकाले के योजना बनाएको छ ?
    - किसानले उत्पादन गरेका बस्तुको मूल्य निर्धारण गर्न गाउँपालिकाले पहल गर्नसक्छ की सक्दैन ?

- ❖ प्रधानमन्त्री रोजगार बिभेद भयो नाम निस्किएकाहरुले पनि काम पाएन किन होला वडाले सिफारिस गरेको नाम पनि काटिएको भन्ने गुनासो आएको छ यसको बास्ताविकता के हो ?

- **अमर बहादुर गुरुङ (बारपाक सुलिकोट गा.प) :**
  - ❖ वडा नम्बर ३ को बाटोमा प्रदेश सरकारबाट बिनियोजन गरेको बजेट सिता गुफा हुदैं जाने बाटोमा ५० लाखको टेण्डर परेको भएपनि दुई बर्ष बितिसक्दा पनि काम किन हुन सकेन ?
  - ❖ इआई गरेर ग्राभेड निकाल्दा त्यसबाट प्राप्त हुने कर वडालाई जान्छ की गाउँपालिकालाई पनि जान्छ जानकारी दिनुपर्‍यो ?
  - ❖ सरकारले स्वास्थ्य निशुल्क भनेपनि बिरामी परी स्वास्थ्य चौकी जाँदा औषधी उपचार पाउन किन कठिनाई हुने गरेको हो ?
  - ❖ टिटि सुई लगाउदा ५० रुपैया शुल्क तिर्नुपर्‍यो यो निशुल्क छ की छैन ?
  - ❖ पालिका भित्र बाटो निर्माण गर्दा त्यसको मापदण्ड निर्धारण गरि राजपत्रमा निकाल्नुपर्छ कि पर्दैन गाउँपालिकाकाले ?
  - ❖ कर तिरेपनि घरपास हुन सकेको छैन यो के कारणले हो ?
  - ❖ जन्मदर्ता मृत्यु दर्ता बसाईसराई दर्ता जसता बिषयमा वडा सचिवबाट सहजै सुविधा पाउन कठिन हुने गरेको छ यसको समस्याको हल कसरी र कसले गर्ने हो ?
  - ❖

- **धामी बराम (बारपाक सुलिकोट-३)**
  - ❖ हुडीखोला हुदैं स्वारा सौरपानी बारपाक पुग्ने सडक बाटो बनाउनका लागि १० करोड बजेट बिनियोजन भएको भन्ने कुरा थियो त्यसको बास्तविकता के हो ? स्टमेट आउछ आउदैन बजेट कार्यान्वयन हुन्छ वा हुदैन जानकारी पाउनु पर्‍यो ।
  - ❖ संघ र प्रदेशको बजेट मार्फत भइरहेका बिकास निर्माणका कार्यक्रमको गर्ने जिम्मेवारी स्थानीय तहलाई छकी छैन ? उपाध्यक्षलाई अनुमगन समितिको संयोजक बनाउने हो कि प्रभावकारी अनुगमन पनि गर्ने हो भन्ने जनगुनासो आएको छ यसको सम्बोधन प्रभावकारी ढंगबाट गरियोस ।
  - ❖ मूल्याङकन र अनुगमन गर्दा प्रतिवेदन मात्र तयार पार्ने काम भयो सहि काम भयो कि भएन भन्ने कुरामा अनुगमन समितिले ध्यान कहिले दिने हो ?
  - ❖ बिकास निर्माणको सामान खरिद गर्दा सामान खरिदका लागि छुट्याइएको बजेटबाट बचत भएको रकम के मा खर्च हुन्छ जानकारी गराउनु पर्‍यो ?

- भूपाल गुरुङ (स्थानीयबासी)
  - ❖ पहिलो सार्वजनिक सुनुवाई कहाँ भयो र तेस्रो चौथो कहाँ हुन्छ भनेर जानकारी गराउनु पर्‍यो ?
  - ❖ ध्याम्पेसाल-बाकोट- स्वाँरा- सौरपानी आउाने बाटो निर्माण कहिले हुन्छ ?
  - ❖ ठाडो खोलाहरुमा आवात जावतका लागि पुलहरु नभएको भएको ठाउँमा समेत खियाँ लागेर जोखिम पूर्ण अबस्था रहेको गुनासो छ यसमा गाउँपालिका अध्ययन गरी ध्यान पुऱ्याओस् ।

- जङ्खे गुरुङ (स्थानीयबासी) :
  - ❖ पालिका भित्र जोखिम पूर्ण अबस्था खोलामा निर्माण गरिएका फड्केहरु कहिलेसम्म मर्मत सम्भार हुन्छ ?
  - ❖ भौतिक अबस्था खराव रहेका बिधालयहरुलाई तत्काल आबश्यक बजेटको व्यवस्था गरियोस् ।
  - ❖ बिधालयहरुको निरीक्षण भएपनि आबश्यकताका अनुसार भौतिक तथा प्राविधिक कुराको प्रयोग हुन सकेको छैन । अनुगमन भएपनि काम हुन सकेको छैन त्यस तर्फ गाउँपालिकाले बिशेष ध्यान पुऱ्याउन माग ।
  - ❖ शिक्षकहरुमा अध्यापनका लागि जोस जांगर नभएको होकी भन्ने अनुभूति अभिभावकहरुको रहेको छ त्यस तर्फ पालिका शिक्षा शाखाले बिशेष ध्यान पुऱ्याउनुपर्छ ।
  - ❖ पालिका भित्र बसाई सराईको समस्या बढ्दै गएकाले गाउँपालिकाले स्थानीयबासीहरु बसाई सर्नुको कारण खोजी तथा अनुसन्धानमा ध्यान पुऱ्याओस् ।

सहभागीबाट उठेका प्रश्नका जवाफ : सहभागीहरुबाट उठेका प्रश्नको जवाफ दिनुहुदैं गाउँपालिका अध्यक्ष बिष्णुप्रसाद भट्टले पालिका भित्रका योजनाहरुको प्रभावकारी अनुगमनमा पालिकाले जोड दिदै आएको बताउनुभयो । उहाँले योजनाहरुको अनुगमन पछि मात्र भुक्तानी दिने गरिएको, संघ र प्रदेशका योजनाहरुको पनि पालिकाले अनुगमन गर्ने गरेको जानकारी दिनुभयो । अध्यक्ष भट्टले पालिका भित्र रहेका सवै खालका समस्याहरुको पहिचान गरि समस्यालाई बर्गिकरण गरि पहिलो दोस्रो र तेस्रो अर्थात प्राथामिकताका आधारमा राखेर गाउँपालिकाले काम गर्दै आएको सहभागीहरुलाई जानकारी गराउनुभयो ।

प्रमुख प्रशासकिय अधिकृत श्री तुलसी राम आर्चायले पालिका भित्रका जनता र गाउँपालिकाका सवै जनप्रतिनिधि तथा कर्मचारीहरु बिच हातेमालो गरेर अघि बढ्न सके बिकास छिटो हुने बताउनुभयो । उहाँले पेट्रोलिय पर्दाथको मूल्य बृद्धिका कारण ढुवानी भाडा बढी पर्न गएको, ढुङगाको कर गाउँपालिकाको राजस्व खातामा जाने पनि सहभागीहरुलाई जानकारी गराउनुभयो । प्रमुख प्रशासकिय अधिकृत आर्चायले नेपाल सरकारबाट तोकेको ९८ प्रकार औषधी मात्र निशुल्क गाउँपालिका भित्रका स्वास्थ्य संस्थाबाट प्राप्त

हुने र आगामी आर्थिक बर्षदेखि टिटि सुई पनि गाउँपालिकाले निशुल्क उपलब्ध गराउने तयारी गरिरहेको जानकारी गराउनुभयो । उहाँले कृषिको बजार व्यवस्थापनका लागि प्रदेश सरकारबाट आएको बजेट कटौती भएको, गाउँपालिकाले नै कृषि एम्बुलेन्स सञ्चालन गर्ने तयारी गरेको, प्रधानमन्त्री रोजगार कार्यक्रममा बेरोजगार र अति बिपन्नलाई प्राथामिकता दिएको र यो आर्थिक बर्षमा नाम नपरेकाहरुलाई अर्को आर्थिक बर्षमा काम दिने बताउनुभयो । त्यस्तै निर्माण सामाग्री खरिद गर्दा नगदी रकम वा चेक मार्फत नभई सिधै गाउँपालिकाको बैंक खाताबाट कम्पनीको बैंक खातामा रकम पठाइने हुदाँ अनियमिताको कुनै सम्भावना नहुने बताउनुभयो । त्यस्तै वडा सचिव तेजनाथ शर्माले सुचकले दिएको सूचनाका आधारमा घटना दर्ता गरिने भएकाले साचो र सहि सूचना उपलब्ध गराए घटना दर्तामा समस्या नहुने बताउनुभयो ।  गाउँपालिका शिक्षा शाखाका संयोजक भीम कुमार श्रेष्ठ बिधालय भवनहरु भुकम्प पछि गुणस्तरीय बनेको र अहिले कुनै पनि बिधालयका भवनहरु जिर्ण भई नसकेको जानकारी गराउनुभयो । उहाँले केही बिधालयहरुमा बिधालयका छाना होचो भएकाले गर्मीका समयमा बालबालिकाहरुलाई समस्या हुने गरेको, बिधालयहरुमा मापदण्ड अनुसार बालबालिकाहरुलाई भुई राखेर पठनपाठन गर्ने गराउने गरिएको, शिक्षकहरुलाई निरन्तर तालिमको व्यवस्था, बिधालयहरुमा लाईब्रेरीको व्यवस्था समेत भएको सहभागीहरुलाई जानकारी गराउनुभयो ।  त्यस्तै इन्जिनियर उज्वल गिरीले जिल्लाले निर्धारण गरे अनुसार मात्र ढुङगा गिटीको दरभाउ निर्धारण भएको सहभागीको प्रश्नको जवाफ दिनुभयो ।

## सक्षेपमा सहभागीको प्रतिक्रिया

सार्वनिक सुनुवाई कार्यक्रममा सहभागी मध्ये गाउँपालिकाको वडा नम्बर ३ का अधिकांस सहभागीहरुले सडक बाटो समस्या समाधानका बिषयमा प्रश्न राखेका थिए । त्यस्तै बर्खायाममा समेत सञ्चालन हुनेगरी सडकबाटोको निर्माण, लगायतका बिषयलाई प्राथामिकतामा राखेर गाउँपालिका अध्यक्ष, उपाध्यक्ष वडाध्यक्ष, प्रशासकिय अधिकृत लगायतसंग जवाफ माग गरेका थिए । कार्यक्रममा सहभागी सेवाग्राहीहरुले कार्यालयमा सेवा लिनको लागि संग सम्पर्क गर्ने भन्नेमा अधिकांशले अस्पष्ट भएको टिप्पणी गरे ।

सेवा प्रदायक कर्मचारीको व्यवहार प्रति अधिकांशको प्रतिक्रिया ठिकै भएको आयो । अधिकांश सेवाग्राहीले सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु अलमल हुनेगरी अस्पष्ट सुचना पाएको जनाएका छन् । सुधार गर्नुपर्ने विषयहरु के के छन्  भन्नेमा प्रायः एउटै पक्षमा सेवाग्राहीले विशेष जोड दिएका छन् । समयको सही सदुपयोग हुनुपर्‍यो ।

सुधारका लागि दिइएको केही स्मरिणय र उल्लेखिनिय सुझावहरु बुँदागत रुपमा राख्न चाहन्छु ।

- समयको सदुपयोग नभएकोले यसको व्यवस्थापन जोड दिइयोस्  ।
- बिकास निर्माणका काम किन सोचे जस्तो तिव्र गतिमा हुने सकेन भन्नेवारेमा स्पष्टीकरण दिने गरियोस् ।

- ❖ कर्मचारी अभाव भएकाले कर्मचारीको व्यवस्थापनमा ध्यान दिइयोस ।
- ❖ प्रक्रिया लामो र झन्झटिलो भएकोले सहज र सुलभ होस् ।
- ❖ योजनाको प्रकृति हेरेर काम गरियोस् ।
- ❖ उपभोक्ता समितिलाई तालिम वा प्रशिक्षणको व्यवस्था गरियोस् ।
- ❖ योजना अनुसार काम भए नभएको अनुगमन गर्नुभन्दा पनि बजेट निकासा र फछ्र्यौटमा वढी केन्द्रत भएको पाइनुले नियमन निकायको जवाफदेहितामा नै प्रश्न उठाउने हुदाँ अनुगमनलाई चुस्त दुरुस्त बनाइयोस् ।

**कार्यक्रम तस्वीरहरु**







**सार्वजनिक सुनुवाईका निर्णयहरु......**

१. गाउँपालिकाको विषयगत कार्यालयहरु र विषयगत कार्यालयहरुले आ.ब २०७९/०८० को प्रथम चौमासिकमा गरिएका कामहरुको समिक्षा गरियो ।

२. पालिकाको विषयगत कार्यालयहरुले योजना छनोट गर्दा सबै वर्ग तथा क्षेत्रको आवाजलाई समेट्ने गरी सहभागितात्मक योजना निर्माण गर्न सुझाव प्राप्त भयो ।

३. सार्वजनिक सुनुवाई गर्दा विषयगत कार्यालयका प्रमुखहरुलाई अनिवार्य सहभागिता गराउनु पर्ने सुभाव प्राप्त भयो ।

निष्कर्ष :

सामाजिक जवाफदेहिता अभिवृद्धिको लागि सार्वजनिक सुनुवाईलाई महत्वपूर्ण मान्निछ । साथै गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आफ्नो कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई ज्ञान नागरिकले सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नका लागि के भूमिका निर्वाह गर्नु पदर्छ नागरिकका कर्तव्य के हुन भन्ने विषमता जान नागरिकलाई पनि जिम्मेवार बोध गराउन सफल भएको छ ।

सार्वजनिक सुनुवाईले शिक्षाको अवस्था, सडकको अवस्था, खानेपानी तथा सरसफाई लगायतका समस्याबारे सरोकारवालाई जिम्मेवार बनाउनका साथै प्राथामिकताका बिषयमा सुझाव प्राप्त भएको छ । तसर्थ सार्वजनिक सुनवाई निरन्तर हुन थालेमा नागरिकले गुनासो मात्र नभई समाधान पनि खोज्न थाल्ने छन् भने समाजमा रहेका भष्ट्राचार बेथिती र आर्थिक अपराध हराएर उत्तरवामी समाजको निमार्ण हुनेछ ।

धन्यवाद !!!